इमेलः info.dclamjung@supremecourt.gov.np
फोन नं.-०६६-५२०१९५

# लमजुङ जिल्ला अदालत

## वेसीशहर, लमजुङ

पत्र संख्या ०७७।०७८ मितिः२०७८।१।२८

च.नं. १६६८

### लमजुङ जिल्ला अदालतबाट जारी भएको सुचना

विश्वव्यापी महामारीको रुपमा तिव्र गतिमा फैलिईरहेको नयाँ भेरियन्ट सहितको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको रोकथाम र नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय लमजुङको मिति २०७८।१।२७ गतेको निर्णय अनुसार मिति २०७८।१।२८ गते राति १२:०० बजेबाट लागु हुने गरी २०७८।२।३ गते राति १२:०० बजे सम्मको लागि लमजुङ जिल्लाभर लागु हुने गरी जारी भएको निषेधाज्ञाको आदेशलाई मध्यनजर गर्दै यस अदालतको काम कारवाही तथा प्रवाह हुने सेवामा संकुचन ल्याउनुपर्ने भएकोले मिति २०७८।१।२९ गतेदेखि २०७८।२।३ गते सम्मका लागि यस अदालतबाट देहायमा उल्लेखित सेवा र कामकारवाही बाहेकका अन्य सेवाहरु स्थगन गर्ने गरी अदालत र बारविच २०७८।१।२८ मा बसेको बैठकबाट निर्णय भएको हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। यसरी सेवा स्थगन भएको अवधीमा हदम्याद, म्याद र तारेख नगुज्रने वेहोरा समेत जानकारी गराईन्छ।

<u>निषेधाज्ञाको अवधिमा सम्पादन गरिने सेवा तथा कार्यहरुः</u>

१. म्याद थप, पक्राउ पुर्जी, कल डिटेलको अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन गर्ने,
२. अभियोग पत्र दर्ता गर्ने, अभियोग पत्रसाथ पेश भएका अभियुक्तको वयान लिने, थुनछेक गर्ने,
३. वन्दीप्रत्याक्षीकरण सम्वन्धी निवेदन दर्ता गर्ने र त्यस उपर सुनुवाई गर्ने,
४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको वयान लिने तथा थुनछेक गर्ने,
५. घरेलु हिंसा सम्वन्धी फिरादपत्र दर्ता गर्ने र तत् सम्वन्धी अन्तरकालिन आदेश जारी गर्ने,
६. वालसुधार गृहमा रहेका वालवालिका जिम्मा लिने विषयसंग सम्बन्धित निवेदन लिने र त्यस उपरको सुनुवाई गर्ने,
७. फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमका निवेदन लिने र त्यस उपर सुनुवाई गर्ने।

२०७८।१।२८

उदयराज काफ्ले
श्रेस्तेदार(उपसचिव)